म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३१९ शनिबार १५ असार २०८१ ने. सं. ११४४ तछलागा 29 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## शिक्षकलाई व्याकरण तथा शिक्षणसम्बन्धी तालिम

हेटौंडा, १४ असार/नेपाली भाषा शिक्षक समिति हेटौंडा उपमहानगरपालिका कार्यसमितिको आयोजनामा शुक्रबार हेटौंडाभित्र रहेका संस्थागत तथा निजी विद्यालयका शिक्षकका लागि एकदिने कार्यशाला सञ्चालन गरेको छ । शिक्षकलाई व्याकरण तथा विधागत शिक्षण सिकाई सम्बन्धी कार्यशालाको आयोजना गरिएको हो । कार्यक्रममा प्रशिक्षकद्वय ध्रुव भुजेल र केशव सञ्जेलले सहजीकरण गरेका थिए । कार्यशालामा ४५ विद्यालयका शिक्षक शिक्षिकाको सहभागिता रहेको थियो । नेपाली भाषा शिक्षक समिति उपमहानगर अध्यक्ष पुरुषोत्तम आचार्यको अध्यक्षतामा भएको कार्यक्रमका सहभागी शिक्षकले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिन अनुरोध गरेका थिए । कथा, कविता कसरी शिक्षण गराउने भन्ने विषयमा समेत ज्ञान बढेको सहभागीको भनाई रहेको थियो । आगामी दिनमा पनि नेपाली विषयसँग सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आगामी दिनमा पनि निरन्तरता दिँदै जाने अध्यक्ष आचार्यले बताए ।

# बागमतीको बजेट मध्यरातमा पारित, प्रदेशसभा स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तुत बजेट बहुमतले पारित भएको छ ।

बागमती प्रदेशसभा बैठकले बिहीवार मध्यरातमा अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनको विधेयक र विनियोजन विधेयक २०८१ बहुमतले पारित गरेको हो । बिहीवार दिउसोदेखि निरन्तर मध्यरातसम्म बैठक सञ्चालन गरेर बजेट बहुमतले पारित गरिएको हो । करिब ९ घण्टासम्म पटकपटक प्रदेशसभाको बैठक राखी छलफल गरिएको थियो । छलफलमा उठेका विषयमा सबै मन्त्रीहरु र मुख्यमन्त्रीले जवाफ दिएपछि बजेट निर्णायार्थ प्रस्तुत गरिएको हो । प्रदेश सरकारको ६ वर्षको समयकालमा पहिलोपटक मध्यरातसम्म लगाएर बजेट पारित गरिएको हो ।




सरकारका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले १ असारमा आगामी आर्थिक वर्षका लागि ६४ अर्ब ५४ लाख रुपैयाँ बजेट प्रस्तुत गरेका थिए । चालूतर्फ २६ अर्ब १० करोड १६ लाख, पुँजीगततर्फ ३६ अर्ब ९३ करोड ८७ लाख र वित्तीय व्यवस्थापनतर्फ १ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरिएको थियो । खर्च बेहोर्ने स्रोतमध्ये कर राजस्वबाट २७ अर्ब ३८ करोड ५७ लाख रुपैयाँ, अन्य राजस्वबाट ६ अर्ब ५१ करोड रुपैयाँ, संघीय वित्तीय हस्तान्तरणबाट १५ अर्ब ५७ करोड ६५ लाख रुपैयाँ, चालू आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट १४ अर्ब ८६ करोड रुपैयाँ अनुमान गरिएको छ ।

बजेटमाथि ६ असारबाट प्रदेहसभामा छलफल थालिएको थियो । तर, पहिलो दिन नै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस र विपक्षी दल राप्रपाले बजेट असन्तुलित र त्रुटिपूर्ण रहेको भन्दै प्रलेशसभा बैठक अवरुद्ध गरेका थिए । सरकार र विपक्षी दलबीच सांसदका योजनामा रकमान्तर गरेर बजेट थप्ने सहमतिपछि ७ असारमा प्रदेशसभाको अवरोध हटेको थियो । सांसदहरुले उठाएका सबालमा मुख्यमन्त्री शालिकराम जम्कट्टेल, आर्थिक मामिला मन्त्री थपलियाले बिहीवार जवाफ दिएका थिए ।

यस्तै, प्रदेशसभा बैठकले खर्च कटौतीको प्रस्ताव अस्वीकृत गरेको छ । कांग्रेस सांसद रामकृष्ण चित्रकार, छिरिङदोर्जे लामा, प्रभात तामाङ, कृष्णकुमार तामाङ, रमेशकुमार महत, श्रीराम लामिछाने, पुकार महर्जन, नेमकिपाका सांसद सुरेन्द्रराज गोसाईं, सृजना सायजुले खर्च कटौतीको प्रस्ताव दर्ता गराएका थिए । प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले निर्णायार्थ पेस गरेकोमा नेपाली कांग्रेस, राप्रपा र नेमकिपाका गरी ५३ सांसदले बजेट पारित गर्न असहमति राखेका थिए ।

तर, सांसदका योजनामा बजेट थप्ने सहमतिपछि आन्तरिक रुपमा बजेट पारित गराउन विपक्षी सांसद नै सहमत भएका हुन् । प्रदेशसभा बैठकमै नेकपा एमालेका प्रमुखसचेतक मधुसुदन पौडेलले भित्र बजेट मागने र बाहिर आएपछि बजेटको विरोध गर्ने शैलीप्रति प्रश्न नै उठाएका थिए । सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्र, सत्ता साझेदार दल नेकपा एमाले, नेकपा एकीकृत समाजवादी पार्टी र हाम्रो नेपाली पार्टीका गरी ५६ जना बहुमत सांसदहरुले बजेटको पक्षमा रहेर बहुमतले पारित गरेका हुन् ।

**विधेयक समितिमा पठाउन स्वीकृति**

बागमती प्रदेशसभाको शुक्रबारको बैठकले उच्चशिक्षा (पहिलो संशोधन) अध्यादेश-२०८१ लाई प्रतिस्थापन गर्न बनेको विधेयक दफावार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाउन सर्वसम्मतिले स्वीकृति प्रदान गरेको छ ।

यसअघि प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानले विधेयक दफावार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाइयोस् भनी प्रस्ताव पेस गरेकी थिइन् । यस्तै, शिक्षा, स्वास्थ्य तथा कृषि समितिका सभापति ठाकुप्रसाद ढकालले विज्ञान, प्रविधि, नवप्रवर्द्धन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकउपर समितिले गर`को निर्णयको प्रतिवेदन प्रदेशसभामा पेस गरेका थिए । बागमती प्रदेशसभाको बैठक अनिश्चितकालका लागि स्थगित भएको छ ।

# मुख्यमन्त्रीले भने, 'प्रतिष्ठान निजी सम्पत्ती होइन, प्रदेशकै गौरव हो'




साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले शुक्रबार हेटौंडामा चौथो वार्षिकोत्सब गरेको छ । प्रतिष्ठानका रजिष्टार राजेश प्रसाईले अस्पतालको बिगतदेखि वर्तमान अवस्थासम्मको विवरण समेटिएको तथ्याङ्क सार्वजनिक गरे ।

अब हेटौंडा अस्पतालमा बिहान ९ बजेदेखि अपरान्ह ४ बजेसम्म बिरामीका लागि सेवा दिने बताए । साउन १ गतेदेखि साँझ ४ बजेदेखि ६ बजेसम्म पनि अर्को सेवा दिन आफूहरु तयारी हालतमा रहेको बताए । बिगत ४ वर्ष अगाडि १६ जना बिशेषज्ञ डाक्टरले सेवा दिए पनि अहिले भने ४० जना बिशेषज्ञ डाक्टरले सेवा दिइरहेको बताए ।

अहिले हेटौंडा अस्पतालको यो वर्षको आन्तरिक आम्दानी मात्र ५४ करोड रुपैयाँ पुगेको बताए । बागमतीका मुख्यमन्त्री तथा प्रतिष्ठानका कूलपति शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठ, भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलाल, खानेपानी, उर्जा तथा सिंचाइ मन्त्री एकालाल श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रम अस्पतालका उपकुलपति डाक्टर बिश्वराज जोशीको अध्यक्षतामा भएको हो ।

मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठान कोही कसैको निजी सम्पत्ती नभइ प्रदेशको गौरवको आयोजना रहेको मुख्यमन्त्री जम्कट्टेलले बताए ।

प्रतिष्ठानको चौथो वार्षिकोत्सवको अवसरमा शुक्रबार हेटौंडामा मुख्यमन्त्रीले यस्तो बताएका हुन् । 'प्रतिष्ठान प्रदेश सरकारको अभिन्न अङ्ग हो,' मुख्यमन्त्री जम्कट्टेलले भने 'स्वास्थ्य क्षेत्रको लागि दक्ष जनशक्ति उत्पादन गर्न स्थापना भएको हो,' 'अरु प्रतिष्ठान संघीय सरकारबाट स्थापना भएका भए पनि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान बागमती प्रदेश सरकारबाट स्थापना भएको र प्रतिष्ठानको ऐन प्रदेशले पारित गरेको हो,' उनले भने ।

उनले स्वास्थ्य क्षेत्रमा डाक्टर पढ्न र नर्स पढ्न चाहनेले पढ्न नपाएको बताए । 'हाम्रो ऐन कोटा निर्धारण हुने गरी बनेको छ' उनले भने 'देशमा डाक्टर पढ्न कोटा निर्धारण गर्ने नियम तोडिनुपर्छ । पढ्न इच्छा हुनेलाई पढ्न दिइनु पर्ने उनले बताए । 'सरकारले विद्यार्थीबाट लिने शुल्कको एउटै मापदण्ड बनाउनुपर्छ' उनले भने । प्रतिष्ठानले अहिले ४ वटा विषय मात्रै पढाइरहेकोले २८० विद्यार्थी छन् । बनिरहेको संरचनाले पूर्णता पाएपछि हजारौं विद्यार्थी पढाउन सक्ने उनले जानकारी दिए ।

प्रतिष्ठान प्रदेश गौरवको आयोजना भएकोले कानूनले दिएको काम गर्ने बताउँदै उनले भने 'संस्थालाई विवादरहित बनाउँदै अगाडि बढाउनु पर्छ,' । हेटौंडा अस्पताल संघीय सरकारले प्रादेशिक अस्पताल बनाएको जानकारी दिदै उनले ५ वटा अस्पतालहरु प्रादेशिक अस्पतालको रुपमा विकास गर्ने उनले बताए । प्रतिष्ठानले गर्दा नै हेटौंडा अस्पताल सुधार भएकोले अन्य भ्रममा नपर्न समेत उनले आग्रह गरे । बागमती प्रदेशभर स्वास्थ्य जनशक्ति उत्पादन गर्ने प्रतिष्ठान भएकोले लक्ष्यमा अगाडि बढ्नुपर्ने उनको भनाई थियो ।

# बालजागृतिमा शब्दको खेल स्क्र्याबल सेमिनार हुने



साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ हेटौंडा-२ मा रहेको बालजागृति बोर्डिङ स्कुलमा शनिबार स्क्रयाबल (शब्दको खेल) खेलाइने भएको छ । बालजागृति अंग्रेजी सेकेण्डरी स्कुलले स्क्र्याबल क्लबसँगको सहकार्यमा असार १५ गते शनिबार शब्दको खेल आयोजना गर्ने भएको शुक्रबार विद्यालयले पत्रकार भेटघाट गरी जानकारी दिएको हो ।

शब्दको खेल खेलाइने कार्यक्रममा विद्यार्थीले खेलकुदको साथसाथै अंग्रेजी शब्दभण्डार बढाउन र भाषा सीप विकास समेत गर्नेछन् । स्क्र्याबल अर्थात 'शब्दको खेल' बारे जानकारी दिइने र खेल पनि खेलाइनेछ । कार्यक्रममा हेटौंडा उपमहानगर, बकैया र मनहरी गाउँपालिकाका करिब ५० विद्यालयका २ सय ५० विद्यार्थी सहभागी हुने अपेक्षा गरिएको छ । 'कार्यक्रममा ५० वटा विद्यालयका दुई सय ५० विद्यार्थीको सहभागिता रहन्छ,' बालजागृतिका प्रिन्सिपल बिनोद सुवेदीले भने 'पाँचजना विद्यार्थीलाई सम्मान पनि गर्नेछौं' ।

कार्यक्रममा कक्षा ४ देखि १० सम्मका विद्यार्थी समावेश हुने प्रतियोगितामा प्रत्येक विद्यालयबाट तीन जना विद्यार्थी र एक जना शिक्षक सहभागी हुन पाउने प्रिन्सिपल सुबेदीले बताए । स्क्र्याबल क्लबका मकवानपुर संयोजक बिवशजंग थापाले स्क्र्याबलको महत्व र यसअघिका प्रतियोगिता समेतको जानकारी गराएका थिए ।

थापाका अनुसार यसअघि मकवानपुरमा १३ वटा विद्यालयको सहभागितामा जिल्लास्तरीय प्रतियोगिता आयोजना गरिएको थियो। स्क्र्याबल खेलले अंग्रेजी शब्दभण्डार बढाउन सहयोग पुऱ्याउने हुँदा खेलले विद्यार्थीको अंग्रेजी भाषा सीप विकासका हुने उनले बताए ।

विद्यार्थीको माग बढ्दो रहेकाले स्क्र्यावलबारे अभिमूखीकरण कार्यक्रम गर्न लागेको थापा बताउँछन् । कार्यक्रमलाई क्लबका केन्द्रीय सदस्य भोजराज सुवेदीले संयोजन गरेको छन् । कार्यक्रममा स्क्र्याबलका नियम र रणनीतिहरु सिकाउने अन्तर क्रियात्मक कार्यशाला र अभ्यास सत्रहरु समावेश गरिने सुवेदीले जानकारी दिए । मकवानपुरबाट बालजागृति विद्यालयका छात्र प्रसिद्ध तिमिल्सिनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्क्रयाबल प्रतियोगितामा सहभागिता समेत जनाइसकेका छन् ।

# मुख्य न्यायाधीवक्ताको सम्मेलन सकियो

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ बागमती प्रदेशको राजधानी हेटौंडामा आयोजित मुख्य न्यायाधीवक्ताको सम्मेलन सम्पन्न भएको छ । मुख्य न्यायाधीवक्ताको कार्यालयद्वारा आयोजित सम्मेलन शुक्रबार सम्पन्न भएको हो । सम्मेलन बिहीबारबाट सुरु भएको थियो ।




मुख्य न्यायाधीवक्ताको सम्मेलनले १३ बुँदे घोषणापत्र जारी गरेको छ । सम्मेलनले प्रदेशको राजधानी बाहिर मुकाम रहेका उच्चअदालतलाई यथाशीघ्र प्रदेशको राजधानीमा मुकाम कायम गर्न माग गरेको छ । संविधानको धारा १५६ मा भएको प्रदेश न्याय सेवा आयोग सम्बन्धी कानुन तत्काल निर्माण गर्न पनि सम्मेलनले माग गरेको छ ।

यसैगरी, सम्मेलनले विशेष प्रकृतिका राष्ट्रिय महत्वका विषय समेटिएका रिटहरु बाहेक अन्य रिटको क्षेत्राधिकार उच्चअदालतलाई प्रदान गरी उच्चअदालतलाई समेत अभिलेख अदालत बनाउने, उच्चअदालतले गरेका निर्णय (फैसला) हरुको अभिलेख राख्न तथा त्यस्ता फैसलाहरु प्रादेशिक क्षेत्रभित्र नजिरसरह बाध्यकारी बनाउन माग गरेको छ ।

कार्यक्रममा प्रदेश सरकारका मन्त्रीहरु, सातै प्रदेशका मुख्य न्यायाधीवक्तालगायतको आतिथ्यता रहेको थियो ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्धारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# कृत्रिम तारा अन्तरिक्षमा पठाउँदै नासा



अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले एउटा नयाँ अन्तरिक्ष मिसनको तयारी गरिरहेको छ । यो दशकको अन्त्यसम्ममा प्रक्षेपण गर्ने योजना बनाएको उक्त मिसनको नाम ल्यान्डल्ट स्पेस मिसन हो । यसमा एउटा यस्तो स्याटेलाइट हुनेछ, जसले ठ्याक्कै कृत्रिम ताराले जस्तै काम गर्नेछ ।

यो मिसनको प्रमुख उद्देश्य जमिनमा आधारित टेलिस्कोपको सटिकतामा सुधार गर्नु हो जसले ब्रम्हाण्डका विषयमा हाम्रो ज्ञानमा वृद्धि गर्नेछ । एउटा ब्रेड जत्रै आकारको उक्त स्याटेलाइट सन् २०२९ को सुरुवातमा प्रक्षेपण गर्ने योजना छ ।

उक्त कृत्रिम तारामा आठवटा लेजर हुनेछन् जसले तारादेखि सुपरनोभा सम्मका प्रकाश उत्पन्न हुनेछ । इसले अब्जरभेटरीमा रहेका आफ्ना टेलिस्कोप तथा अन्य उपकरणलाई फाइन ट्युन गर्नका लागि खगोलविद्हरूलाई क्यालिब्रेसन प्रविधिको रुपमा रहनेछ । र, वास्तविक खगोलिय पिण्डहरुको सटिक नापका लागि सहयोग गर्नेछ ।

उक्त कृत्रिम तारा स्याटेलाइट पृथ्वीको सतहभन्दा ३५ हजार ७८५ किलोमिटर माथि स्थापित गरिनेछ । यो यस्तो कक्ष हो, जसमा रहेको स्याटेलाइट पृथ्वीबाट हेर्दा स्थिर तथा वास्तविक ताराजस्तै देखिने मिसनका प्रमुख अनुसन्धानकर्ता पिटर प्लाभचान बताउँछन् । यो अमेरिका माथिको आकासमा हुनेछ ।

उक्त कृत्रिम तारा नांगो आँखाले भने देख्न सकिनेछैन । तथापि डिलिटल क्यामेरायुक्त आम टेलिस्कोपबाट भने सजिलै देख्न सकिनेछ ।

नासाको यो मिसनमा ३० जना जनशक्ति खटिनुका साथै १९ करोड ५० लाख डलर बजेट छुट्टाइएको छ ।

ल्यान्डल्ट मिसनलाई अन्तरिक्ष अन्वेषणका क्षेत्रमा ब्रेकथ्रु मानिएको छ । यसले ब्रम्हाण्डका धेरै भन्दा धेरै रहस्यको पर्दा उघार्ने अपेक्षा खगोलविदहरुको छ ।

**यौन स्वास्थ्य**

# गर्भनिरोधका लागि पुरूषले कस्तो उपाय अपनाउन सक्छन् ?



महिलाले प्रयोग गर्ने गर्भनिरोधक उपायको बारेमा त धेरैले सुनिरहेका हुन सक्छन् । तर गर्भ निरोधका लागि पुरुषले प्रयोग गर्ने उपाय धेरैको लागि नौलो विषय हुन सक्छ । पुरुषले पनि गर्भनिरोधक उपाय अपनाउन सक्छन् । तर कस्तो अवस्थामा र कसरी पुरुषले गर्भनिरोधक उपाय अपनाउने ? वा कस्ता कस्ता उपायहरू बजारमा पाइन्छ ? यसबारेमा तल केही जिज्ञासा मेट्ने कोसिस गरिएको छ ।

**केवल ३० मिनेटको सजिलो प्रक्रिया**

यो विधि सुरक्षित र सजिलो छ । यसमा केवल ३० मिनेटमा गर्भनिरोध सम्बन्धी सबै काम सम्पन्न गरिन्छ । नसबन्दी गरेपछि शुक्राणुले महिलाको योनीसम्म पुग्न दिँदैन । यस प्रक्रियामा शुक्रकीट बहने नली ब्लक गर्ने गरिन्छ । जसले शुक्राणुलाई अण्डकोषबाट मूत्रमार्गसम्म पुऱ्याउँछ ।

**थप बच्चाको आवश्यकता छैन भने उपयुक्त**

यो विकल्प छनौट गर्नुहोस् यदि तपाईंको परिवार पूरा भएको छ वा तपाईं अरू बच्चा चाहनुहुन्न। जहाँसम्म कि यदि उन्नत प्रविधिको सहयोगमा यसरी नसबन्दी पछि पनि बच्चा आवश्यक भयो भने ट्युबलाई पुन: सुरू गर्न सकिन्छ । तर यो प्रक्रिया सधैं सफल हुँदैन, त्यसैले सन्तानको पर्याप्ततापछि मात्रै यो प्रविधि प्रयोग गर्न सकिन्छ । यो विधि महिलाको नसबन्दीभन्दा कम खर्चिलो विकल्प हो । भारतका विभिन्न सहरहरूमा यस्ता उपायहरू धेरैले अपनाउने गरेका छन् ।

**भ्रमका कारण छनौट गर्दैनन् सजिला विकल्पहरू**

पुरुष नसबंदीको सम्बन्धमा धेरै अलमल रहेको पाइन्छ । जसमध्ये एउटा यो विकल्पले प्रोस्टेट क्यान्सरको जोखिम पनि बढाउँछ भन्ने तर्क पनि रहेको पाइन्छ । जबकि चिकित्सकहरू यस विधिको टेस्टिकुलर क्यान्सरसँग कुनै सरोकार नरहेको बताउँछन् । यो विधि पुरुषहरूको लागि पूर्ण सुरक्षित मानिन्छ । केही व्यक्तिहरू यो सोच्दछन् कि यो एक शक्तिशाली र सजिलो विधि हो । यस प्रक्रिया पछि हल्का दुखाइ महसुस हुन्छ तर यो सामान्य हो । यो दुखाइ बिस्तारै आफैँमा हट्नेछ । केही दिनमा तपाईं सामान्य हुनुहुन्छ तर डाक्टरहरू नसबन्द गरेका व्यक्तिलाई १५ दिनसम्म कुनै पनि भारी बोक्न निषेध गर्छन् । त्यहाँ एक भ्रम पनि रहेको पाइन्छ कि एउटा पुरुष नसबन्दी हुनुले वैवाहिक जीवनलाई असर गर्छ भन्ने । तर यसमा पनि कुनै सत्यता नरहेको चिकित्सकहरू बताउँछन् । यो केवल गर्भनिरोधको विकल्प मात्रै हो ।

**पुरुष नसबन्दीको साइड इफेक्ट**

पुरुष नसबन्दीले शरीरमा कुनै साइड इफेक्ट हुँदैन । तर यो कुरा ध्यानमा राख्नुपर्छ कि यो केवल एक गर्भनिरोधक विकल्प मात्र हो, त्यसैले यसले एड्स, सिफलिस जस्ता रोगबाट सुरक्षा प्रदान गर्दैन । यस्तो सुरक्षाको लागि तपाईंले अन्य विकल्पहरू छनौट गर्नुपर्ने हुन्छ । अर्को समस्याको कुरा यो हो कि यसपछि तपाईं भविष्यमा बच्चाको योजना गर्न सक्नुहुन्न । त्यसकारण तपाईंले यसबारेमा राम्रोसँग सोचविचार गरेर निर्णय लिनुपर्छ ।

**पुरुष नसबन्दीको फाइदाहरू**

१. यो विधि सस्तो र सजिलो समाधान हो । ती जोडी जो आफ्नो परिवारको योजना पूरा गरेर बसेका छन् । यो उनीहरूको लागि उपयुक्त विधि हो ।
२. यसले शरीरको कुनै पनि भागमा नकारात्मक प्रभाव पार्दैन । बान्ता वा गम्भीर दुखाइ जस्ता चीजहरू यस प्रक्रियामा देखा पर्दैन ।
३. यो विकल्प अपनाएर तपाईंले आफ्नो विवाहित जीवन अझ राम्रो बनाउन सक्नुहुन्छ ।
४. यो विधि अपनाएपछि शरीरको अंगमा कुनै रक्तस्राव हुँदैन ।
५. अनप्लान गर्भावस्थाबाट बच्नको लागि एक सुरक्षित विकल्प हो । धेरैचोटि दम्पतीहरूले गर्भावस्थाको योजना गर्दैनन्, जसका कारण उनीहरूले कष्ट भोग्नुपर्छ, यसबाट बच्नको लागि पुरुष नसबन्दी अपनाउन सकिन्छ ।
६. यो स्थायी विकल्प हो, त्यसैले तपाई यस पछि गर्भावस्थाको बारेमा चिन्ता लिनु हुँदैन ।

# नुहाउँदा ध्यान दिनुपर्ने ८ कुरा



स्वस्थ रहनका लागि हरेक दिन नुहाउन जरुरी छ । दिनहुँ नुहाउने गर्दा शरीर मा फूर्ति आउँछ । सफासुग्घर रहनुका साथै विभिन्न किसिमका संक्रमण तथा रोगबाट पनि बच्न सकिन्छ । नुहाउँदा केही कुरा ध्यान दिन भने जरुरी छ । नत्र त्यसले शरीरमा थप हानी पुऱ्याउन सक्छ ।

**नुहाउँदा ध्यान दिनुपर्ने कुराहरु:**

**गलत साबुनको प्रयोग नगर्ने**

नुहाउनका लागि प्रयोग हुने साबुनमा तेल र क्लींजरको मात्रा हुनुपर्छ । गलत साबुनको प्रयोगले छालासँग सम्बन्धित समस्या नित्याउन सक्छ ।

**सफा तौलियाको प्रयोग:**

नुहाउँदा प्रयोग हुने तौलिया पनि समयसमयमा धोइरहनुपर्छ । तौलियालाई दिनहुँ घाममा सुकाउनुपर्छ । हप्तामा कम्तीमा २ पटक तौलिया धुनुपर्छ । पहिल्यै चिसो चिसो वा भिजेको तौलिया प्रयोग गर्नु हुँदैन ।

**नुहाउनु अघि र पछि बाथरुमको भेन्टिलेसन खुला राख्ने:**

बाथरुममा नुहाउनु अघि र नुहाइसकेपछि अनिवार्य रुपमा झ्याल तथा भेन्टिलेसन खुला राख्नुपर्छ । बाथरुममा हावाको आवतजावत राम्रो हुनुपर्छ ।

**अत्याधिक तातो पानी प्रयोग नगर्ने:**

खासगरी जाडो महिनामा नुहाउँदा तातो पानी प्रयोग गरिन्छ । तर, अत्याधिक तातो पानीले छालामा इन्फेक्सन हुने, छाला सुक्खा हुने जस्ता समस्या देखिन सक्छ ।

**कपालमा दैनिक स्याम्पु नगर्ने:**

दिनहु कपालमा स्याम्पु प्रयोग गर्नाले कपालको चमक हराउन सक्छ । कपाल सुक्खा हुने सम्भावना पनि हुन्छ। स्याम्पु प्रयोग गर पछि कन्डिशनर पनि प्रयोग गर्न जरुरी छ ।

**नुहाएपछि मोइस्चराइजर लगाउने:**

नुहाउने बित्तिकै शरीर सुक्खा हुन नदिन मोइस्चराइजर लगाउन अनिवार्य छ । यसले शरीर सुक्खा हुन दिँदैन ।

**यी ठाउँमा साबुन नलगाउने:**

काखी, कम्मर, पैतला, प्राइभेट पार्ट र अनुहारमा धेरै साबुन प्रयोग गर्नु हुँदैन ।

**घाउ नछोप्ने:**

यदि शरीरमा कुनै घाउ वा चोटपटक लागेको छ भने नुहाउने समयमा छोप्नु हुँदैन । सानो चोटपटक छ भने नुहाउँदा खुलै छोडेर पछि पट्टी लगाउन सकिन्छ ।

# साहित्य

कथा

# ईश्वरको राज्य



✍सुमन सिग्देल

चारतिर सेतो सिसाले घेरिएको बन्द कोठालाई एसीको चिसो हावाले चिसो बनाइर हेछ । कोठाको एक कुनामा छ, ठुलो सफा टेबल अनि टेबलपछाडि छ एक सानदार घुम्ने कुर्ची र कुर्चीमा विराजमान छन्– ह्युम पाइप फ्याक्ट्रीका म्यानेजर निमा शाक्य ।

निमाको अनुहारमा मुजा परेका छन् । तालुतिर लगभग खुइलिएको छ, घुच्चुकतिर बाँकी रहेका कपाल अधिकांश फुलेका छन् । यी सबैले उनको उमेर ६० कटेको संकेत गर्छ । रङ उडेको फिक्का सर्ट, मुजा परेको पाइन्ट अनि खुइलिएका एक जोर छालाका जुत्तामा उनी हरेक दिन १० बज्नुअगाडि नै हाजिर हुन्छन्, यही बन्द कोठाभित्र ।

उनलाई यही कोठाभित्र मात्र आनन्द लाग्छ । बाहिरको वातावरण उनलाई फिटिक्कै मन पर्दैन । बाहिरको तातो गर्मी, सिमेन्टको धुलो र डढेको मोबिलले काला भएका फोहोरी मजदुरहरूप्रति उनलाई जति घृणा छ, त्यति घृणा फ्याक्ट्री वरपर बग्रेल्ती भौँतारिरहेका भोका कुकुरप्रति पनि छैन ।

उनलाई देख्नेबित्तिकै कुकुरहरू चुपचाप उनको पछि लाग्थे । किनकि उनले भोका कुकुरहरूलाई बिस्कुट दिन्थे । मजदुरहरूलाई देख्दा भने यिनै कुकुरले झम्टिन्थे ।

निमालाई पहिले कुकुर मनै पर्दैनथ्यो । घरमा न छोराहरू वशमा भए न छोरी ! जेठो छोरो दिनभर कोठा बन्द गरेर टोलाएर बस्ने भयो, उसलाई प्रेमले समात्यो । कान्छो घरमै हुँदैनथ्यो उसलाई साथीहरूले समाते । घर सोचेभन्दा नराम्रोसँग चलिरहेको थियो । छोरी टिकटकमै रमाउने ।

एक दिन बिहान दैलोमै अघोरीझैँ लाग्ने बाबा आए । बम-बम भोले भनेर जोडले चिच्याउनेबित्तिकै निमाकी श्रीमती दगुर्दै आइपुगिन् र दक्षिणास्वरूप पाँचका दुई नोट टोकरीमा खसालिन् । उनको मनमा झस्स आयो, बाबाहरूमा अलौकिक शक्ति हुन्छ भन्थे, यिनीसँग पनि छ कि !

उनले सोधिन्– बाबा ! घर सोचेजस्तो राम्रो चलेन के गर्ने होला ? बाबाले दक्षिणा हेर र नाक खुम्च्याए । उनले कुरा बुझिन् र हरि यो सयको नोट टोकरीमा खसालिन् । बाबा मख्ख हुँदै भने, 'चावल ल्याइए मे देख्ता हुँ ।'

उनी दौडँदै चामल लिएर आउँछिन् ! बाबाले घोत्लिएर चामलका दानालाई हेरेर भने, 'ईस मे पैसा डालिए, कुछ बडावाला डालिए ।' उनले पाँच सयको एउटा नोट थालीमा राखिन् । बाबाका दृष्टि झन् तेज भए र चामलका दानालाई यता-उता सार्दै भने– घरमे कुत्ता पालिए, कुत्ते को अच्छा-अच्छा भोजन खिलाइए, सब ठिक हो जाएगा ।'

त्यसै दिनदेखि हो निमालाई कुकुर प्रिय लाग्न थालेको । निमाकी श्रीमतीले कुकुरलाई दिनमा तीनपटक भोजन दिन्थिन् । कुकुर मोटायो उनी भने दुब्लाइन्, घरको अवस्था जस्ताको त्यस्तै रह्यो । निमाले अफिसको भित्तामा झुन्डिएको घडी हेर्छन्, ३ बजेको थियो, उनी बाहिर निस्किए । मजदुरहरूले लामो डोरीले पोखरीमा डुबाएको पाइपलाई निकाल्दै थिए । उनीहरूलाई हेरेर निमाले चिच्याए– दिनभरिमा जम्मा १० वटा पाइप मात्र ? होइन, खाएर पचाउन मात्र आउँछौ कि क्या हो ।

निमाका कुरा सुनेर एक पाका वृद्धले खुइय्य गरे र पसिना पुछे । छेउमै बसेको केटो भने मुखमा भएको सुर्ती थुकेर निच्च हाँस्यो । ऊ अक्सर जति गाली सुन्थ्यो, त्यति हाँस्थ्यो । मामपाकाहरू भन्दै निमा फेरि अफिसमा फर्किए । कुकुरहरूले उनलाई हेरेर पुच्छर हल्लाए । उनी कुकुरहरूलाई हेरेर मुस्कुराए र कुर्चीमा बसेर आराम गर्न थाले ।

सर, सर ! मलाई हजार रुपैयाँ दिनु न ? ।

'मामपाखा ।'

केटो निच्च हाँस्यो ।

'कसलाई दिन्छस् हँ पैसा ?'

केटो केही नबोली हाँसिरहेछ ।

निमाले टेबलको घर्राबाट हजारको नोट निकालेर दिए– मामपाखा दिनकै माग्न आउने होइन नि !

केटो फेरि निच्च हाँस्छ र फर्कन्छ ।

दिनभरको थकान र भोकले केटाको पेट बटारिरहेको थियो । फ्याक्ट्रीको कालो ठुलो गेटबाट ऊ बाहिर निस्कियो । बाहिर निस्कँदा बित्तिकै उसलाई लाग्यो– आफूभन्दा बाहिर पनि छुट्टै निकै सुन्दर संसार छ, जहाँ बच्चाहरू खेलिर हन्छन् । उसकै उमेरका जोडीहरू समेत हात समातेर रोमाञ्चित हुँदै हिँडिरहेका छन् । अलि पर उमेर ढल्दै गरेका विवाहित जोडी पसलमा समान मोलमोलाइ गरिरहेका छन् । फ्याक्ट्री र सहर त्यति दूर छैनन्, जति उसका सपना ऊबाट दूर छन् । जुन सपना अरूका लागि साना निकै साना छन्, उसका लागि त्यही सपना जीवनभन्दा ठुला भएका छन् ।

सहर व्यस्त छ, सबै हतारोको दौडमा लम्किरहेछन् । साँझ पर्दै जाँदा सहरको व्यस्तता झनै बढेको छ । सहर व्यस्त छ, तर ऊ व्यस्त छैन । सहरमा कोही कसैलाई भेट्न दौडिरहेछ, कोही कसैलाई पर्खिरहेछ, तर उसलाई न कसैलाई भेट्नु छ, कसैलाई पर्खनु । उसको यात्रा त्यहींसम्मको हो, जहाँ म:म:का केही डल्ला पाकिर हेका छन्, जसले उसको भोक मेटाउनेछ । अनि उसलाई स्थानीय रक्सीले पनि पर्खिरहेछ ।

रात छिप्पिँदै छ, ऊ लडखडाउँदै फ्याक्ट्रीको गेटभित्र छिर्छ । ह्युम पाइपका भित्र लुकेका कुकुरहरू एकपछि अर्को गर्दै बाहिर निस्कन्छन् र जोडले भुक्दै उसको पछि लाग्छन् । ऊ हातमा ढुङ्गा लिन्छ र हिर्काउन खोज्छ, तर हिर्काउँदैन । ऊ सोच्छ– यी कुकुरहरू पनि मजस्तै निरीह छन्, एउटा निरीहले अर्को निरीहलाई किन चोट दिनु ? उनीहरू पनि बाँच्नका लागि कसैका भरमा छन् मजस्तै तर उनीहरू र ममा भएको एउटा असमानता छ, त्यो हो उनीहरू स्वतन्त्र छन् म आफैँमा कैदमा छु ।

फ्याक्ट्रीको कुनामै छ उसको अँध्यारो कोठा । जसै ढोका उघ्रियो, मन्द जुनको उज्यालो प्रकाश उसको कोठामा पस्यो । जुनको त्यही उज्यालोमा उसले बत्ती बाल्यो । कोठाबाट मुसाहरू सलबलाउँदै भागे । कोठाको भित्तामा उसका पुराना दुई जोर लुगा झुन्डिएका थिए । भित्ताकै अर्को छेउमै छ, एउटा झुस्स दारी भएको विदेशी मानिसको फोटो, जो मन्द मुस्कानमा छ । उसले टोपी लगाएको छ, टोपीमा रातो तारा छ, जुन उसलाई खुब सुहाएको छ । उसलाई यो मानिस को हो थाह छैन, कहाँको हो यो पनि थाह छैन तर उसलाई हेर्दा ऊ खुसी हुन्छ, किनकि ऊ पनि ऊजस्तै युवा छ । त्योभन्दा ठुलो कुरा ऊ पनि त्यस्तै मुस्कुराउँछ, जसरी त्यो फोटोको मान्छे मुस्कुराउँछ ।

भुइँमा छन् छरपस्ट केही भाँडाकुँडा, केही प्लास्टिकका पुराना र निकै मैला डब्बा, केही थान प्लास्टिकका झोला । एउटा खाट छ, जहाँ मुस्किलले ऊ एक्लै निदाउन सक्छ, जसका गोडा यति कमजोर भएका छन् कि जुनसुकै बेला भुइँमा थचक्क बस्लान् जस्ता ।

केटो खाटमा पल्टिएको छ । ऊ निदाउन डराइरहेछ, किनकि उसले केही दिनदेखि सपनामा आफ्नो बाबुलाई देखिरहेको थियो । उसलाई बाबुले भनिरहेका थिए– छोरा, हेर म यहाँ कति खुसी छु, यहाँ कति सुखी छु । कहिल्यै नअघाएको म यहाँ आएपछि अघाएको छु । यहाँ कसैले कसैलाई केही गर्दैनन् । सबै तृप्त छन् । सबै खुसी छन् । यहाँ न कोही थिच्ने छ, न कोही थिचिने छ । ईश्वरको राज्यमा छोरा सबैलाई समान छ, तिमी पनि आऊ ।

केटो सपना सम्झँदै मुर्छित भइरहेछ । सिरानमा राखेको बाबुको पुरानो धुमिल फोटो हेरिरहेछ । उसका आँखाहरू टिलपिल भए । ओठहरूमा कम्पन छुटे । छाती गह्रुङ्गो भयो । उसका आँखाबाट आँसुका थोपा सिरानीमा खसिर हे । ऊ गहिरो निद्रामा डुब्यो, डुबिरह्यो ।

रातिदेखि पानी परिरहेको थियो, बिहान भने आकाश खुल्यो । निमा अफिसमा छिरे मजदुरहरू काममा आए । सबैले फेरि एकपटक धमिलो पोखरीमा आफ्ना पसिना मिसाए । काम सकेर मजदुरहरू टुसुक्क पोखरीको डिलमा बसे ! निमाले केटोलाई सम्झे । आकाशतिर हेर्दै भने, आज त दिउँसै एउटा तारा हिँड्यो नि !

कविता

# देश खोज्दै जाँदा

✍रीता भण्डारी

घाँसको भारी उचाल्न नसकेर
असिन-पसिन भएकी थिइन्- दिदी
मैले सघाएँ,
उनले भनिन्-
'भाइ, देश ज्यादै गह्रौं छ ।'

ढाकरको पिँधमा टेकुवा अडाउन नसकेर
भिरालो बाटोमा लर्खराउँदै थिए- दाइ
मैले सघाएँ,
उनले भने–
'भाइ, देश ज्यादै अप्ठ्यारो छ ।'

एक बथान वस्तुहरूलाई गोठमा हुल्न नसकेर
चिच्याइचिच्याई रुँदै थिइन्- बहिनी
मैले मद्दत गरेँ,
उनले भनिन्-
'दाइ, देश नसक्नुको छाडा छ ।'

कापी-कलम राखेको झोला हराएर उदास-उदास
घर फर्किरहेका थिए- भाइ
मैले सान्त्वना दिएँ,
उनले भने-
'दाइ, देश साह्रै बदमास छ ।'

मैले जे जति गरेँ
त्यो
म आमाबालाई सुनाउन चाहन्थेँ
तर म के
घरभित्र पसेको मात्रै थिएँ
आमाबाका संयुक्त स्वरहरू उर्लिए-
बदमास !
छाडा !
माटोलाई भार !

म देश खोजिरहेको थिएँ ।

# चित्रकला





दिपशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# धितोपत्र बोर्ड अध्यक्ष छनोट बन्यो राजनीतिको सिकार, झेल गर्नेलाई पुरस्कार




काठमाडौं/करिब ६ महिनाको राजनीतिक र प्रक्रियागत रस्साकस्सीपछि नेपाल धितोपत्र बोर्ड अध्यक्ष छनोट प्रक्रिया अन्तत: रद्द भएको छ । शुक्रबार बसेको अध्यक्ष छनोट समिति बैठकले १६ फागुन २०८० मा सूचना प्रकाशित गरी अध्यक्ष छनोटमा भए गरेका सम्पूर्ण प्रक्रिया रद्द गर्ने निर्णय गरेको हो ।

१६ फागुनमा राष्ट्रिय योजना आयोग उपाध्यक्षको संयोजकत्वको सिफारिस समितिले बोर्ड अध्यक्षका लागि आवेदन माग गरेको थियो । त्यसअनुसार १९ जनाले आवेदन दिएकामा सिफारिस समितिले पाँच जनालाई 'सर्टलिस्ट' गरेको थियो । चीरञ्जीवी चापागाईं, कृष्णबहादुर कार्की, डा. नवराज अधिकारी, मुक्तिनाथ श्रेष्ठ र सन्तोषनारायण श्रेष्ठ सिफारिस समितिको सर्टलिष्टमा परेका थिए । यी पाँचमध्ये चापागाईं, कार्की र अधिकारी अन्तर्वार्तामा सहभागी नै भएनन् ।

ऐनले कम्तीमा तीन जनाको नाम सिफारिस गर्नुपर्ने व्यवस्था गरेको तर दुईजना मात्रै अन्तर्वार्तामा उपस्थित भएपछि के गर्ने भन्ने विषयको कानुनी निर्क्योलका लागि महान्यायाधिवक्ताको राय लिने निर्णय सिफारिस समितिले गर्‍यो ।

महान्यायाधिवक्ताको कार्यालयले 'नेपाल धितोपत्र ऐन, २०६३ को दफा ७ को उपदफा (२) बमोजिमको योग्यता पुगेका कम्तीमा तीन व्यक्तिको नाम सिफारिस गर्नुपर्ने अनिवार्य हुने र ऐन बमोजिम योग्यता पुगेका तीनभन्दा बढी संख्यामा समितिले सिफारिस गर्न समेत बाधा पर्ने देखिँदैन' भन्ने राय दिएको थियो ।

सर्टलिस्टमा परेका वा नपरेका कुनै पनि योग्यता पुग्ने उम्मेदवार सहित नियुक्तिको सिफारिस गर्न पाउने आशय महान्यायाधिवक्ताको थियो । तर, यो रायपछि तीनभन्दा बढी उम्मेदवार सिफारिस गर्ने कि प्रक्रिया नै रद्द गर्ने भन्ने विषयमा सिफारिस समितिमै विवाद भयो । र, अन्तत: यो प्रक्रिया रद्द गर्ने निर्णय भयो, जुन बैठकमा सरकारले नियुक्त गरेको विज्ञ सदस्य उदय निरौला सहभागी भएनन् ।

सिफारिस समितिको यो निर्णयले बोर्ड अध्यक्षमा आकांक्षा राखेका र ऐन, नियम तथा समितिले बनाएको कार्यविधि सम्पूर्ण रूपमा पालना गरेका उम्मेदवार दण्डित भएका छन् भने यो प्रक्रिया अवज्ञा गर्नेहरू पुरस्कृत भएका छन् ।

'बोर्ड अध्यक्षमा आवेदन दिनेमध्ये निकै योग्य उम्मेदवार सर्टलिस्टबाटै फालिए । तर, उनीहरूले सिफारिस समितिको निर्णयमाथि कुनै अदालतमा प्रश्न समेत गरेका छैनन् । सर्टलिस्टमा परेकामध्ये दुई जना समितिले बोलाएको अन्तर्वार्तामा सहभागी भएर प्रस्तुतीकरण पनि दिए,' एक उच्च सरकारी अधिकारी भन्छन्, 'समितिले प्रक्रिया नै रद्द गरेपछि कानुन पालना गरेका ती उम्मेदवारको सिफारिस हुन पाउने वैधानिक अधिकार खोसियो । र, सुरुमा आवेदन दिएका जुनजुन उम्मेदवारले सरकारकै आदेश अवज्ञा गरेर अन्तर्वार्तामा दुई-दुईपटक बोलाउँदा पनि सहभागी भएनन्, उनीहरू चाहिँ पुरस्कृत भए ।'

यसरी अर्थ मन्त्रालयको आदेश अवज्ञा गर्नेमध्ये अहिले पनि सोही मन्त्रालय मातहत महत्वपूर्ण निकायका सबैभन्दा वरिष्ठ अधिकारी हुन् ।

'तर, अर्थमन्त्री वा मन्त्रालयले सरकारको आदेश अवज्ञा गर्ने बोर्डका कार्यकारी निर्देशक अधिकारी र नेप्सेका सीईओ कार्कीलाई कारबाही गर्नुपर्ने हो, तर उनीहरुलाई तत्तत् भूमिकामा काम गर्न दिइरहेको छ, अझै काममा सहयोग गरिरहेको छ,' मन्त्रालयकै एक वरिष्ठ अधिकारी भन्छन्, 'यो सन्दर्भमा जे भएको छ, त्यो स्वाभाविक देखिँदैन ।'

धितोपत्र बोर्डको अध्यक्ष सिफारिस समितिमा बसेर काम गरिसकेका एक अधिकारी यसपटक छनोट प्रक्रियामा अराजकतालाई मलजल गरिएको बताउँछन् । 'अन्तर्वार्तामा बोलाउँदा नजानु पनि अराजकता हो, कोही अन्तर्वार्तामा आएन भनेर प्रक्रिया नै खारेज गर्नु पनि अराजकता नै हो,' उनी भन्छन् ।

कोही अन्तर्वार्ता दिन आएन भनेर नियुक्ति प्रक्रिया नै खारेज गर्नु भनेको लोकसेवाको जाँचमा कोही सहभागी भएन भन्दै परीक्षा नै खारेज गरेजस्तै भएको उनले बताए । 'परीक्षार्थी अनुपस्थित भएको आधारमा लोकसेवाको परीक्षा नै स्थगित भएको सुन्नुभएको छ ? छैन नि । यो प्रक्रिया पनि स्थगित गर्न मिल्दैनथ्यो ,' उनी भन्छन् ।

बोर्ड अध्यक्ष नियुक्तिमा प्रमुख राजनीतिक दलका शीर्ष नेतासँगै अर्थमन्त्रीकै स्वार्थ टकराएपछि पाँच महिनासम्म चलेको यो प्रक्रिया अन्तिम समयमा नाटकीय बनेको एक उच्च सरकारी अधिकारीको दाबी छ ।

अघिल्लै गठबन्धन हुँदा बनेको छनोट समितिले सर्टलिस्ट गरेका उम्मेदवारहरूमै प्रश्न उठाउँदै अर्थमन्त्री पुनले उनीहरूको प्रस्तुतीकरण र अन्तर्वार्ता प्रक्रिया नै रोकिदिएका थिए ।

पछि राजनीतिक दबाबका कारण अन्तर्वार्ता भयो तर माओवादी निकट भनेर चिनिएका तीनजनाले बहिस्कार गरे । प्रधानमन्त्री तथा अर्थमन्त्रीकै संरक्षण नपाई सरकार का कर्मचारीले सरकारको आदेश अवज्ञा गर्नै नसक्ने स्रोतको भनाइ छ । 'संरक्षण नहुँदो हो त त्यसरी उपस्थित नहुनेलाई कारबाही भइसकथ्यो,' स्रोतले भन्यो ।

### नयाँ स्टक एक्सचेन्ज लाइसेन्ससँग अध्यक्ष साइनो

अध्यक्ष नियुक्ति प्रक्रिया नयाँ स्टक एक्स्चेन्जको लाइसेन्स प्रक्रियासँग जोडिएको छ । यसअघि चैत २०७९ मा बोर्डले नयाँ स्टक एक्सचेन्ज सञ्चालनका लागि आवेदन मागेको थियो । तत्कालीन समयमा हिमालयन, नेसनल र अन्नपूर्ण स्टक एक्स्चेन्जले अनुमतिपत्र पाउँ भन्दै आवेदन दिएका थिए ।

हिमालयन स्टक एक्स्चेन्जलाई लाइसेन्स दिलाउन व्यवसायी दीपक भट्ट लगायतले लबिङ गरिरहेका छन् । यो स्टक एक्सचेन्जमा शाहिल तथा सुलभ अग्रवालको शंकर रूप, शेखर गोल्छा, पशुपति मुरारका, भवानी राणा, राजेन्द्र खेतान, सतिश मोर, सौरभ ज्योति लगायत व्यवसायीको सेयर छ । भट्ट समूहले अध्यक्ष नियुक्त गर्न खोजेका व्यक्ति सन्तोषनारायण श्रेष्ठ थिए ।

अर्कातिर, नेसनल स्टक एक्सचेन्जमा गैरआवासीय नेपाली संघ (एनआरएन) का पूर्वअध्यक्षहरू डा. उपेन्द्र महतो, जीवा लामिछाने र कुल आचार्य, नेपाल उद्योग वाणिज्य महासंघ अध्यक्ष चन्द्र ढकाल लगायत समूहको लगानी छ । यो समूहले अध्यक्षका आकांक्षी चीरञ्जीवी चापागाईंलाई अघि सारेको थियो ।

व्यवसायी रामेश्वर थापाको नेतृत्वको अन्नपूर्ण स्टक एक्सचेन्जले पनि बोर्डमा अनुमति पत्रका लागि आवेदन दिएको थियो ।

### कसरी भयो रद्द ?

धितोपत्र सम्बन्धी ऐनको दफा ७ को उपदफा ४ मा 'समितिले नाम सिफारिस गर्दा यस ऐनबमोजिम योग्यता पुगेका कम्तीमा तीन जना व्यक्तिको नाम सिफारिस गर्ने छ,' भन्ने उल्लेख छ । साथै, सिफारिस समितिले अध्यक्षको नाम सिफारिस गर्दाको कार्यविधि भने आफैं निर्धारण गर्ने ऐनमा उल्लेख छ ।

त्यसअनुसार ४ माघ २०८० मा योजना आयोग उपाध्यक्ष श्रेष्ठको संयोजकत्वमा गठित समितिले आफ्नो कार्यविधि निर्धारण गरेको थियो । कार्यविधिमा १५ दिनको म्याद राखेर आवेदन माग गर्ने र तोकिए बमोजिम योग्यता र पेसागत अनुभव भएका आवेदकमध्येबाट सम्भव भएसम्म पाँच जनाको संक्षिप्त सूची तयारी गरी व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण एवम् अन्तर्वार्ताका लागि छनोट गरिने छ भन्ने उल्लेख छ ।

त्यसअनुसार समितिले पाँच जनालाई सर्टलिस्टमा राखेको थियो । सर्टलिस्टमा परेका र व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि उपस्थित उम्मेदवारहरूको शैक्षिक योग्यता बापत प्राप्तांक, पेस भएको व्यावसायिक कार्ययोजना बापत प्राप्तांक, प्रस्तुतीकरण र अन्तर्वार्ताको औसत प्राप्तांकको योगफल निर्धारण गरी उच्चतम अंक प्राप्त गर्ने तीन जनाको नाम वर्णानुक्रम अनुसार सिफारिस गरिने छ भन्ने उल्लेख थियो ।

प्रक्रिया रद्द गर्नुअघिको बैठकमा संयोजक श्रेष्ठ तथा सदस्य निरौलाले महान्यायाधिवक्ताको कार्यालयको राय बमोजिम पाँच जनाको नाम सिफारिस गरौं भन्दा अर्थसचिव मधु मरासिनीले कार्यविधिको यही दफाका कारण त्यसो गर्न नसकिने बताएका थिए ।

'समितिले नै बनाएको कार्यविधि विपरीत सिफारिस गर्ने हो भने म सही गर्न सक्दिनँ भनेर अर्थ सचिवले अडान लिएपछि प्रक्रिया नै रद्द हुनेतर्फ गयो,' स्रोतले भन्यो, 'त्यसो गर्ने निर्णय गर्ने जानकारी आएपछि अन्तिम बैठकमा विज्ञ सदस्य उदय निरौला सहभागी नै भएनन् ।'

*(स्रोत: अनलाइनखबर)*

# लण्डनमा 'यति इन्टरनेशनल नेपाली फिल्म अवार्ड' हुने




काठमाडौं/नेपालीहरुको ठूलो बसोबास रहेको बेलायतको राजधानी लण्डनमा 'यति इन्टरनेशनल नेपाली फिल्म अवार्ड' आयोजना हुने भएको छ ।

शुक्रबार काठमाडौंमा एक कार्यक्रमबीच आगामी भदौ १५ गते अर्थात् अगष्ट ३१ मा अवार्ड आयोजना हुन लागेको जानकारी गराइयो । यति नेपाली एसोसिएसन, यूकेको आयोजना तथा संगिक्षा फिल्म्स इन्टरटेन्मेन्टको व्यवस्थापनमा अवार्ड हुन लागेको हो ।

सन् २०२३, अप्रिल १४ देखि २०२४ को जुन २१ सम्म प्रदर्शनमा आएका फिल्महरुमध्ये उत्कृष्ट तीन छनोट गरिने आयोजक संस्थाले जनाएको छ । अवार्डको जुरी संयोजकमा अभिनेता सुनिल थापा छन् भने सदस्यहरुमा अभिनेत्री गौरी मल्ल तथा निर्देशक उज्ज्वल घिमिरे छन् । नेपाली फिल्मको श्रीवृद्धि तथा अन्तर्राष्ट्रिय बजार विस्तारको उद्देश्यले लण्डनमा अवार्ड गर्न लागिएको जनाइएको छ ।

अवार्डका लागि बेलायत कमिटी अध्यक्षमा पिप्ला देवन थापा, उमेश मोक्तान (पूर्वअध्यक्ष), टंक भट्टराई (महासचिव), आशिष राज पन्त (सचिव) र पाल्देन लामा छन् । नेपाल कमिटीमा भने संगिक्षा फिल्म्सबाट अध्यक्ष सुनिल श्रेष्ठ, महासचिव मनोज केसी, सचिव मोहन श्रेष्ठ, कोषाध्यक्ष प्रशाक कुँवर र मनिष कार्की संयोजकमा छन् । अवार्डमा नेपालबाट थुप्रै फिल्मकर्मीहरु सहभागी हुनेछन् ।

*(फिल्मीखबर)*

# 'माइली' बन्दै प्रियंका




काठमाडौं/२०७५ सालमा रामबाबु गुरुङको निर्देशनमा फिल्म 'साइँली' बनेको थियो । अब 'माइली' नाममा पनि फिल्म बन्ने भएको छ । बाबु साहेब बलामीको निर्देशनमा बन्न लागेको फिल्ममा अभिनेत्री प्रियंका कार्की मुख्य भूमिकामा अनुबन्ध भएकी छन् । फिल्ममा उनी माइलीको भूमिकामा देखिने निर्देशक बलामीले जानकारी दिए । प्रियंकासँग निर्माण टिमले यसै साता कागजी सम्झौता गरेको हो ।

प्रियंका यतिबेला फिल्म 'रावायण'को छायांकनमा व्यस्त छिन् । चाँडै उनी आफैं एक्सन फिल्म समेत बनाउने तयारीमा छिन् । कुनै समय 'नम्बर वान' अभिनेत्रीको पगरी गुथेकी उनको विवाहपछि करिअर सन्तुलित बन्न सकेको छैन । यसैले उनलाई एउटा सोलो हिट फिल्मको खाँचो छ । 'माइली' व्यावसायिक रुपमा सफल भएको अवस्थालाई उनको धरमराउँदो करिअरलाई राहत मिल्नेछ ।

रुना इन्टरटेनमेन्टको प्रस्तुतिमा बन्न लागेको फिल्ममा प्रियंका ग्रामीण भूमिकामा प्रस्तुत हुने जनाइएको छ । यही असार अन्तिमबाट छायांकन सुरु गर्न लागिएको फिल्मलाई मकवानपुरको वीरखर्ग, कुलेखानी, काठमाडौं र दुबईमा खिचिने निर्देशक बलामीले बताए । 'माइली'मा शंकर अधिकारी 'घायल'को गीत रचनासहित पटकथा तथा संवाद लेखन र राजेन्द्र बजगाईंको गीतमा संगीत रहनेछ ।

निर्देशक बलामीले सत्य घटनामा आधारित भएर फिल्म बन्न लागेको बताए । फिल्ममा महिलाको पीडा र संघर्षलाई देखाइने उनको भनाई छ । 'दलित महिलाको श्रीमान् नभएपछि समाजले ऊमाथि कस्तो दृष्टि लगाउँछ ? उसलाई स-साना छोरीहरु हुर्काउन कति कठिन हुन्छ ? नेपाली समाजले जातीयताको आडमा कसरी प्रताडित गरिरहेको छ भन्ने विषयवस्तुमा फिल्म बन्नेछ', बलामीले भने ।

# 'जेरी अन टप'बाट हटाइएपछि आना भन्छिन्, 'मेरो मन चिरिएको छ'

काठमाडौं/अघिल्लो सातासम्म फिल्म 'जेरी अन टप'को मुख्य अभिनेत्रीमा आना शर्मा थिइन् । तर, गत शनिबार 'फोटोसुट'मा उनी नआएपछि निर्माण टिमले उनलाई हटाएर अभिनेत्री जसिता गुरुङलाई अनुबन्ध गर्‍यो । फोटोसुटका लागि दिनभर पर्खिंदा पनि आना उपस्थित नभएको र फोन समेत नउठाएको निर्माता सरोज न्यौपानेले फिल्मीखबरसँग बताएका थिए । उनले व्यावसायिकता नदेखाएको सरोजको आरोप थियो ।

फिल्मबाट हटाइएको विषयमा एक हप्ता मौन देखिएकी आनाले शुक्रबार भने सामाजिक सञ्जाल (फेसबुक र इन्स्टाग्राम)मा स्टाटस लेख्दै आफू फोटोसुटमा उपस्थित हुन नसक्नुको कारण र निर्माताले लगाएको आरोपको खण्डन गरेकी छन् । बिसन्चो भएकाले दोस्रो चरणको फोटोसुटमा उपस्थित हुन नसकेको र यसबारेमा पहिले नै टिमलाई जानकारी गराएको उनले बताएकी छन् ।

आफ्नो ठाउँमा अरुलाई अनुबन्धित गरेकोबारे टिमले आफूलाई कुनै जानकारी नगराइएको उनको गुनासो छ । र, निर्माताले आफूलाई लगाएको आरोपबारे उनले भनेकी छन्, 'फिल्म टोलीले म लुकटेस्टमा नगएको र मैले व्यावसायिक उत्तरदायित्व निभाउन नसकेको भन्दै मिडियाहरूमा 'कोट' दिएको देखें । उनीहरूले मेरो बदनाम गरिरहेको थाहा पाएँ । यसले मलाई ठूलो चोट दियो ।'

उनलेआफूमा व्यावसायिक उत्तरदायित्व ननिभएको भए महिनौं देखिका त्यति धेरै वर्कसपमा कसरी सहभागी भएँ भन्दै निर्माण टिमलाई प्रश्न गरेकी छन् । 'सम्झौतामा हस्ताक्षर गरौं' भन्दा पटक-पटक आलटाल गरिएको समेत उनको आरोप छ । आफ्नो ठाउँमा अरु कलाकार लाई लिएपछि निर्माण टिमले नाक जोगाउनका लागि आफ्नो बारेमा तथानाम बकिरहेको आनाले बताएकी छन् ।

'लुकटेस्ट' र फोटोसुट हुँदैमा फिल्ममा आफू नै हुनुपर्छ भन्ने नभए पनि आफ्नो मान मर्दन र प्रतिष्ठामा हिलो छ्याप्ने काम भएकोप्रति उनले आपत्ति जनाएकी छन् । उनी लेख्छिन्, 'लुकटेस्ट र फोटोसुट हुँदैमा म नै फिल्ममा हुनुपर्छ भन्दिनँ । कलाकार फेरबदल संसार भरि चलिरहने प्रक्रिया हो । मलाई यसबारे राम्ररी थाहा छ । र, यो मेरो मुद्दा पनि होइन । तर, जसरी मेरो मान मर्दन गरियो, मेरो प्रतिष्ठामा हिलो छ्यापियो- त्यो सर्वथा गलत हो । फिल्म टोलीले महिनौंसम्म मेरो नाम लिएर फिल्मबारे प्रचार गरे । तर, मलाई हटाइँदा एक शब्द जानकारी दिइएन । यो कहाँको व्यावसायिक धर्म हो ?'

उनले यी घटनाक्रमहरु आफ्नो लागि अस्वाभाविक रहेको जनाएकी छन् । उनी अन्तिममा लेख्छिन्, 'मेरो मन चिरिएको छ । बिरामी भएको जानकारी दिएर दोस्रो पटकको 'लुकटेस्ट'मा उपस्थित हुन नसकेको त्यति सानो कारणमा टेकेर पूर्वसूचना बिनै हटाइँदा मन दुख्नु स्वभाविक हो । यदि उनीहरुको चरित्र नै यस्तै हो भने यस्तो टिमसँग काम गर्न नपाउनुमा म आफूलाई भाग्यमानी ठान्छु ।' आनाले केही हप्तादेखि फिल्म 'एक्टर'को छायांकन गरिरहेकी छन् ।

### आनाको स्टाटसपछि निर्माता सरोज न्यौपानेको जवाफ

आनाको स्टाटसलगत्तै 'जेरी अन टप'का निर्माता सरोज न्यौपानेले पनि फेसबुकमा स्टाटस लेख्दै फिल्म र टिमको बारेमा लगाइएको आरोप सत्य नभएको दाबी गरेका छन् । आनाको हकमा आफूले धेरै नै 'कम्प्रमाइज' गर्दै आएको बताउँदै उनले पटक-पटक फोन-म्यासेज गर्दा समेत जवाफ नपाएको अनुभव आफूसँग रहेको बताएका छन् ।

उनी लेख्छन्, 'उहाँलाई फिल्म क्षेत्र भनेको रमाइलो गर्ने, पार्टी गर्ने, मन लाग्यो भने खोजेको ठाउँमा आउने, मन र मुड नहुँदा बिरामी छु भनेर टार्दा पुग्ने, बिना सम्पर्क हराउने सोच्नु भएछ । एकपटक होइन, पटक-पटक यस्तो व्यवहार सहँदै हिजोको दिनसम्म धेरै नै 'कम्प्रमाइज' गर्दै आएको हुँ । पटक-पटक फोन म्यासेज गर्दा जवाफ नै पाउन नसकेको तीतो अनुभव मसँग छ ।' फोटोसुटका लागि एक हप्ता अगाडिदेखिको तयारीअनुरुप फर्स्टलुक पोस्टरको छायांकनका लागि पूर्वनिर्धारित मितिमा स्टुडियो पुग्दा प्रमुख कलाकार (आना शर्मा) नै उपस्थित नभएपछि पटक-पटक फोन गर्दा समेत जवाफ नआएको निर्माता न्यौपानेको प्रष्टोक्ती छ । आनाको आमालाई फोन गर्दा समेत रेडिमेड जवाफ पाएको उनले उल्लेख गरेका छन् ।

# अब खुल्लान् त रोकिएका आईपीओ ?

काठमाडौं/नेपाल धितोपत्र बोर्डले हालै रिलायन्स स्पिनिङ मिल्सलाई 'बुक बिल्डिङ' विधिबाट प्राथमिक सार्वजनिक निष्कासन (आईपीओ) जारी गर्न स्वीकृति दिएपछि अन्य कम्पनीले पनि आईपीओ अनुमति पाउने चर्चा छ ।

धितोपत्र बोर्डले कुल ११ लाख ५५ हजार ९ सय ६० कित्ता सेयर प्रतिइकाइ ८ सय २० रुपैयाँ ८० पैसाका दरले निष्कासन गर्न रिलायन्सलाई स्वीकृति दिएको हो । सर्वसाधारणका लागि कम्पनीले ९४ करोड ८८ लाखभन्दा बढीको आईपीओ जारी गर्ने छ । बोर्डका कार्यकारी निर्देशक तथा प्रवक्ता नवराज अधिकारीले बुक बिल्डिङ विधिबाट आईपीओ निष्कासन कार्य रोक्नु नपर्ने देखिएकाले स्वीकृति दिइएको बताए ।

'अंकित मूल्य १ सयमा सेयर जारी गर्न प्रतिसेयर नेटवर्थ कम्तीमा ९० रुपैयाँ हुनुपर्ने लगायत व्यवस्था गर्न लेखा समितिले भनेकाले यसबारे बोर्ड बैठकले नै निर्णय गर्नुपर्ने छ,' उनले भने, 'तर, समितिले बुक बिल्डिङलाई प्राथमिकता दिन भनेकाले यसलाई रोकिराख्नु जरुरी देखिएन ।' बुक बिल्डिङ विधिबाट आईपीओ जारी गर्ने पाइपलाइनमा यही एउटा कम्पनी मात्रै थियो ।

६ महिनादेखि कार्यकारी अध्यक्षविहीन बोर्डले रिलायन्सको आईपीओ स्वीकृत गरेपछि अब आईपीओ धमाधम खुल्ने चर्चा बजारमा छ । आईपीओ निष्कासन कार्य ६ महिनादेखि अवरुद्ध थियो । यो रोकिनुमा कार्यवाहक अध्यक्ष पद रिक्त भएर मात्रै होइन ।

१२ पुस २०८० मा लेखा समितिले केही नीतिगत व्यवस्था सच्याउन बोर्डलाई निर्देशन दिएसँगै आईपीओ निष्कासन कार्य रोकिएको थियो । त्यसअघि बोर्डले बीमा कम्पनीलाई प्रिमियममा आईपीओ जारी गर्न अनुमति दिएको थियो । लेखा समितिले त्यस विषयमा चासो दिँदै बोर्डलाई केही निर्देशन जारी गरेको थियो । समितिको निर्देशन पालना गर्ने हो भने बोर्डले नीतिगत व्यवस्था नै संशोधन गर्नुपर्ने भएको छ । समितिले निर्देशन दिने र बोर्ड पनि एकैपटक कार्यकारी प्रमुखविहीन हुने भएपछि निर्देशन अनुसार नीतिगत व्यवस्था संशोधनमा ढिलाइ हुन गएको हो ।

लेखा समितिको निर्देशन तथा नीतिगत व्यवस्थाबारे बोर्ड बैठक बसेर निर्णय गर्नुपर्ने भएकाले प्रिमियम र अंकित मूल्यमा प्राथमिक निष्कासन कार्य रोकिएको धितोपत्र बोर्ड प्रवक्ता अधिकारीले जानकारी दिए । 'आईपीओ जारी गर्न प्रतिसेयर नेटवर्थ कम्तीमा ९० रुपैयाँ हुनुपर्ने लगायत यसअघि लेखाले दिएका सुझावमा नीतिगत व्यवस्था गर्नुपर्ने भएकाले बोर्ड बैठक बसेर निर्णय गर्नुपर्ने हुन्छ,' उनले भने ।

तर, बुक बिल्डिङ विधिबाट आएका कम्पनीका सवालमा हालको नीतिगत व्यवस्थाप्रति लेखाले कुनै कैफियत जनाएको छैन । अन्तर्राष्ट्रिय अभ्यास भएकाले यो पद्धति अवलम्बन गर्नुपर्नेमा लेखाले जोड दिएको छ । त्यही भएर बुक बिल्डिङ विधिबाट आईपीओ निष्कासन कार्यलाई बोर्डले अघि बढाएको हो । यसको अर्थ अब धमाधम आईपीओ खुल्ने नभएको बोर्डका अधिकारीहरू बताउँछन् ।

लेखाको निर्देशन मान्ने हो भने बोर्ड बैठकको निर्णयबाट केही नीतिगत व्यवस्थामा संशोधन गरेपछि मात्रै अंकित तथा प्रिमियमा आईपीओ निष्कासन स्वीकृति बोर्डले दिने छ । जबकि, बोर्ड हाल कार्यकारी अध्यक्षविहीन छ ।

प्रिमियममा आईपीओ जारी गर्न कम्पनी लगातार तीन वर्ष नाफामा गएको हुनुपर्ने व्यवस्था धितोपत्र दर्ता तथा निष्कासन नियमावलीमा छ । त्यही व्यवस्थामा बोर्डले संशोधन गर्दै 'तर, कम्तीमा १ अर्ब चुक्ता पूँजी भई पछिल्लो दुई वर्ष नाफामा रहेका कम्पनीले प्रिमियममा आईपीओ जारी गर्न सक्नेछन्' लेखिएको छ । यसको औचित्यमाथि लेखाले प्रश्न उठाएको थियो ।

जस्तासुकै कम्पनीले पनि आईपीओ जारी गर्न नपाउन् भन्ने उद्देश्यले लेखाले प्रतिसेयर नेटवर्थ ९० भन्दा बढी हुनुपर्ने गरी व्यवस्था गर्न भन्यो । लेखाले निर्देशन दिइसकेपछि बोर्डले तिनै निर्देशन समेट्ने तयारी गरेको हो ।

'लेखा समितिले दिएका सुझाव समेट्ने गरी नै नियमावली संशोधनका लागि बोर्डले निर्णय गर्छ,' प्रवक्ता अधिकारीले भने । नियमावली संशोधन नभएसम्म आईपीओ निष्कासन प्रक्रिया अघि बढाउन बोर्ड तयार छैन । घाटामा गएका कम्पनीले सम्पत्तिको पुनर्मूल्यांकन गराई मूल्य बढाएर सेयर बिक्री गर्ने र सर्वसाधारण जोखिममा पर्न सक्ने भएकाले त्यस्तो अवस्था आउन नदिन पनि लेखा समितिले भनेको छ ।

त्यस्तै बिमा कम्पनीहरूले कम्पनी स्थापना गर्दा नै ३० प्रतिशत सेयर सर्वसाधारणका लागि संरक्षित गर्नुपर्ने व्यवस्था भएकाले त्यस्ता कम्पनीलाई प्रिमियम मूल्यमा सेयर जारी गर्न अनुमति वा स्वीकृत दिन नमिल्ने भन्दै समितिले बीमा प्राधिकरण र बोर्डको ध्यानाकर्षण गराएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# कर्णालीबाट ई-स्पोर्ट्सको यात्रा

सुर्खेत/ई-स्पोर्टस् संघ नेपाल (ईशान) को आयोजनामा पहिलो राष्ट्रिय ई-स्पोर्टस् च्याम्पियनसिपको फाइनल राउण्ड शुक्रबारदेखि सुर्खेतमा सुरु भएको छ । ईशानको गठन भएपछि संघको पहिलो कार्यक्रमको रुपमा राष्ट्रिय ई-स्पोर्ट्सको सुरुवात कर्णाली प्रदेशको सुर्खेत विरेन्द्रनगरबाट गरिएको छ ।

जसमा पब्जी मोबाइल, ई-फुटबल र मोबाइल लेजेन्ड गरी तीन इभेन्टमा समावेश गरिएको छ । मुख्य इभेन्टको रुपमा रहेको पब्जी मोबाइलमा छनोट चरण पार गरेर आएका १५ टोली र कर्णाली प्रदेशको टोलीसमेत गरी १६ टोलीको प्रतिस्पर्धा हुनेछ । कर्णाली प्रदेशका पूर्वमुख्य मन्त्री राजकुमार शर्माले शुक्रबार ई-स्पोर्टसको उद्घाटन गर्दै नौलो खेलको सुरुवात कर्णाली प्रदेशबाटै गरेकोमा संघलाई धन्यवाद दिँदै सफलताको शुभकामना दिए ।

पछिल्लो समय विश्वमै ई-स्पोर्टस् चर्चामा छ र नेपालमा पनि यस खेलमा लाग्ने खेलाडीहरूको संख्या बढ्दो छ । गत वर्ष चीनको हान्झाउमा भएको १९औं एसियाडमा पनि नेपालले ई-स्पोर्टसमा डेब्यु गर्दै उत्कृष्ट प्रदर्शन गरेको थियो । आगामी मंसिरमा कर्णाली प्रदेशमा १०औं वृहत राष्ट्रिय खेलकुद आयोजना हुँदैछ र त्यसैलाई ध्यान दिँदै ई-स्पोर्टस् संघले पनि आफ्नो पहिलो कार्यक्रम कर्णालीबाटै सुरुवात गरेको छ ।

राष्ट्रिय खेलकुदमा पनि ई स्पोर्टसलाई समावेश गर्ने तयारी संघको छ । संघका अध्यक्ष अन्जन धमलाले संघ आधिकारिक रुपमा दर्ता भएपछि देशभरका प्रतिभावना खेलाडीलाई बाहिर ल्याउन यो च्याम्पियनसिप आयोजना गरिएको बताए ।

'दशौं राष्ट्रिय खेलकुद पनि कर्णाली प्रदेशमै हुँदैछ । यसमा नयाँ खेल पनि थपिने छ । त्यसमा ई स्पोर्टस् पनि छनोट गर्नुभयो भने अझ राम्रो हुन्छ । हामी कर्णालीबाटै ई स्पोर्टको आधार तयार गर्दैछौं,' उनले भने । संघले पहिलो कार्यक्रमको रुपमा ई स्पोर्ट्स च्याम्पियनसिप आयोजना गर्दा तीन इभेन्ट मात्र समावेश गरेको छ । आगामी दिनमा इभेन्टको संख्या समेत बढाउदै जाने संघको योजना छ ।

धमलाले ई स्पोर्टस् खेल मात्र नभएर एउटा उद्योगकै रुपमा विकास गर्न सकिने बताए । उनले भने, 'ई स्पोर्टसलाई खेल मात्र नभएर एउटा इन्डस्ट्रिकै रुपमा किन परिणत नगर्ने ? हामीले पनि खेलाडीका लागि राम्रो अवसर सिर्जना गर्नुपर्छ । जसले गर्दा राम्रो प्रदर्शन गर्न पनि सहयोग पुग्छ ।' पहिलो पटक आयोजना भइरहेको ई राष्ट्रिय स्पोर्टस् च्याम्पियनसिपको छनोटमा पब्जीमा १३६ टिम, मोबाइल लेजण्ड्समा ४० टिम र ई फुटबलमा १९३ खेलाडीले प्रतिस्पर्धा गरेका थिए संघले जनाएको छ ।

कुल पुरस्कार राशि १२ लाख रहेको प्रतियोगितामा पब्जी मोबाइलमा ९ लाख, मोबाइल लेजेण्ड्समा २ लाख र ई फुटबलमा १ लाख रुपैयाँ प्रदान गरिने छ । प्रतियोगितालाई राष्ट्रिय खेलकुद परिषद् र कर्णाली प्रदेश ई स्पोर्टस् संघले सहयोग गरेका छन् ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव विश्वामित्र सन्ज्यालले आधुनिक प्रविधिको खेल प्रतियोगिता कर्णालीमा हुनु सिंगो प्रदेशका लागि खुसीको विषय भएको र कर्णाली प्रदेशमा रहेका ई स्पोर्टसका खेलाडीको आकर्षणलाई हेरेर प्रदेशले आयोजनामा सहयोग गरेको बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com





थाहा नगरपालिकाको कृषकहरु आफ्नूले उत्पादन गरेको तरकारी बजारमा पुऱ्याउने तयारीमा जुट्दै । स्थानीय कृषकले आलु, बन्दा र मुला जस्ता तरकारी थोकबजारमा बिक्रीका लागि लैजान लागेका हुन् । कृषकका अनुसार, आलु प्रतिकिलो ४० रुपैयाँमा बिक्री भइरहेको छ । त्यसैगरी, बन्दा १५ रुपैयाँ प्रतिकिलोमा बिक्री हुँदैछ । मुला पनि थोक मूल्यमै खरिद गरिएको उनले बताए । यी तरकारी खेतबाटै सीधै बजारमा पुऱ्याइने भएकाले ताजा र गुणस्तरीय हुने विश्वास कृषकको छ । यसले एकातिर उपभोक्ताले ताजा तरकारी पाउने र अर्कोतिर कृषकलाई उचित मूल्य प्राप्त हुने अपेक्षा गरिएको छ । स्थानीय कृषि उत्पादनलाई प्रोत्साहन गर्न र कृषकको आय बढाउन यस प्रकारका पहल महत्वपूर्ण मानिन्छन् । *तस्बिर: प्रतिक्षा न्यौपाने/साझाकुरा ।*

# राप्तीरोडमा खुल्यो जुत्ता सोरुम

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ नेपालमा चर्चित रहेका स्वदेशी ब्राण्डका जुत्ता चप्पलको सोरुम हेटौंडामा सञ्चालनमा आएको छ । शुक्रबार बागमती प्रदेश सरकारका उद्योग मन्त्री केशव श्रेष्ठले जुत्ताघरको उद्घाटन गरेका हुन् ।

उद्घाटन गर्दै मन्त्री श्रेष्ठले नेपाली उत्पादनलाई प्रवर्द्धन गर्न प्रदेश सरकार तयार रहेको बताए । अभियान स्वरुप युवा र महिलालाई उद्यमशीलताको तालिम गर्ने र उद्यमका लागि सहुलियत कर्जालाई सहज वातावरण बनाउन प्रदेश सरकारले नीति तथा कार्यक्रम ल्याएका छौं,' मन्त्री श्रेष्ठले भने । स्वदेशी उत्पादन प्रयोग गर्न सबै क्षेत्रलाई आग्रह गर्दै मन्त्री श्रेष्ठले रोजगारमूलक कार्यक्रम ल्याई र उत्पादित वस्तु बिक्री नहुने समस्याको समाधान गर्न सरकार उद्यमीको साथमा रहने प्रतिवद्धता व्यक्त गरे ।



चीन र भारतबाट आउने जुत्ताचप्पलले गर्दा नेपालमा बनेका उत्पादित जुत्ताचप्पलले बजार नपाउने गरेको छ भन्दै मनैदेखि नेपालीपन आउनुपर्छ, स्वदेशी ब्राण्डलाई प्रयोग गर्नुपर्ने बताए । प्रदेशको औद्योगिक ग्राममा जुत्ताचप्पल उद्योग सञ्चालन गर्न प्रेरित गरिने उनले बताए ।

नेपाली जुत्ताघरका अध्यक्ष होमनाथ उपाध्यायको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य नानीराज घिमिरे, फुटवेयर म्यानुयाक्चरर्स एशोसियसन अफ नेपालका अध्यक्ष रुद्रप्रसाद न्यौपाने, मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उद्योग संघ मकवानपुरका अध्यक्ष बद्रीप्रसाद शर्मा, फुटवेयर म्यानुयाक्चरर्स एशोसियसनका उपाध्यक्ष जीवन श्रेष्ठलगायतले आफ्नो भनाई राखेका थिए ।

हेटौंडा-१ राप्तिरोडमा नेपाली जुत्ताघर हेटौंडाको नाममा सोरुम सञ्चालन गरिएको हो । देशको ठुला सहरमा नेपाली जुत्ताघर सञ्चालनमा ल्याउने क्रममा हेटौंडामा पनि सुरु गरिएको नेपाली जुत्ताघरका अध्यक्ष उपाध्यायले बताए । सोरुममा विएफ डियरहिल सुज, रन सुज, स्मार्ट सुज, ऋसरोड सुज, गोल्डस्टार, ब्लाक हर्स, फस्ट वाल्क सुज, सांग्रीला सुजका ब्राण्डका जुत्ता चप्पल पाइने अध्यक्ष उपाध्यायले बताए । नेपाली उत्पादनलाई नेपालभरका साथ विश्वभर फैलाउन देशको विभिन्न सहरहरुमा नेपाली जुत्ताघरको सोरुम सञ्चालन गरिएको फुटवेयर म्यानुयाक्चरर्स एशोसियसन अफ नेपालका अध्यक्ष न्यौपानेले बताए ।

# दिगो वन व्यवस्थापन तालिमको समापन

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि समूहका पदाधिकारी र जनप्रतिनिधिको लागि ४ दिने तालिम हेटौंडामा सम्पन्न भएको छ ।

तालिममा डिभिजन वन कार्यालय राप्ती मनहरी, मकवानपुरका डिएफओ लोकराज नेपाल, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेशका नवौं तह अधिकृत शम्भु तामाङ, डिभिजन वन मकवानपुरका अधिकृत राकेश चन्द्रवंशी, वन अधिकृतहरु विशाल भट्टराई, दिनेश सत्याल, दामोदर पाण्डेलगायतले दिगो वन व्यवस्थापन, कार्ययोजनासम्बन्धी तालिम दिएका थिए ।

तालिमको अन्तिम दिनमा सहभागीलाइ मनहरी-७ को मनकामना सामुदायिक वन, पशुपति सामुदायिक वन र डिपार्ट सामुदायिक वन अवलोकन गराइ डिभिजन वन कार्यालय राप्ती मनहरीमा तालिमको समापण गरिएको थियो । तालिममा जनप्रतिनिधि, सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, पत्रकार गरी ३० जनाको सहभागिता रहेको तालिम संयोजक तथा वन रेन्जर ज्ञानकुमार रिजालले जानकारी दिए ।

वन अधिकृत सुरेश गुप्ताको सभाध्यक्षतामा भएको तालिम समापण कार्यक्रममा हेटौंडा उपमहानगरपालिका कार्यपालिका सदस्य इश्वरी रसाइलीले प्रमाणपत्र बितरण गरेका थिए । असार १० गतेदेखि हेटौंडा-१९ नम्बर वडा कार्यालयको सभाहलमा सुरु भएको तालिम १३ गते समापन भएको हो ।

# टसी मोलम गुम्बाको नवनिर्मित भवन उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ मकवानपुरगढी गाउँपालिका रानीसेरास्थित टसी मोलम गुम्बाको नवनिर्मित भवन उद्घाटन गरिएको छ । गुम्बाका अध्यक्ष चन्द्रबहादुर लोको सभाध्यक्षता तथा नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले शुक्रबार गुम्बा भवन उद्घाटन गरेका हुन् ।

नेता बानियाँ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री हुँदा संघीय सरकारको २ लाख रुपैयाँबाट निर्माण सुरु गरिएको गुम्बामा मकवानपुरगढी-१ वडा कार्यालयबाट पटक/पटक गरेर १२ लाख रुपैयाँ तथा जनश्रमदानबाट निर्माण सम्पन्न भएको थियो । प्रमुख अतिथि नेता बानियाँले तामाङ जातिको बाहुल्य रहेको रानीसेरामा बौद्ध गुम्बाले सबै टोल समुदायका बासिन्दालाई एकजुट बनाउँदै सत्य र अहिंसाको बाटोमा लाग्न प्रेरित गर्ने बताए ।

स्थानीय नेता, समाजसेवी तथा अग्रजहरुको आग्रहमा आफूले संघीय मन्त्री हुँदा संघीय सरकारबाट वजेट विनियोजनमा सहयोग गरेको बताउँदै नेता बानियाँले आगामी दिनमा पनि यस गुम्बाको घेराबारा तथा पूर्वाधार निर्माणमा सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङतान, मकवानपुर गढी-१ का वडाअध्यक्ष आईतसिं लो, वडा नम्बर ७ का वडाअध्यक्ष सूर्यबहादुर रुम्बा, कांग्रेस मकवानपुर गढी गाउँपालिका सभापति राजवीर मोक्तान, कोषाध्यक्ष आकाश गोले, समाजसेवी सुवाससिं थिङ, सूर्यबहादुर स्याङतान, रामप्रसाद चौरेललगायतले मन्तव्य ब्यक्त गरेका थिए ।

# भुटानी शरणार्थी प्रकरणमा के थियो प्रतीकको भूमिका ?

काठमाडौं, १४ असार/ नक्कली भुटानी शरणार्थी प्रकरणमा अदालतबाट पक्राउ पुर्जी जारी भएको एक वर्षपछि पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका छोरा प्रतीक थापा पक्राउ परेका छन् । नेपाल प्रहरीको विशेष टोलीले थापालाई बौद्धबाट पक्राउ गरेको उपत्यका प्रहरी प्रमुख एआईजी दिपक थापाले संचार कर्मीलाई बताए । उनका अनुसार थापालाई शुक्रबारै जिल्ला प्रहरी परिसर, काठमाडौंमा बुझाइने छ ।

शनिबार बिदा भएकाले आइतबार जिल्ला अदालत, काठमाडौंमा पेस गरिने उनले बताए । प्रहरी स्रोतका अनुसार, पूर्वगृहमन्त्री पुत्र प्रतीक कहिले भारतको देहरादुन त कहिले सिलगढी बस्दै आएको खुलेको थियो । 'कहिलेकाहीं नेपालमा पनि आइरहेका छन् भन्ने सूचना थियो', स्रोतले भन्यो, 'त्यहीक्रममा नेपाल आएको थाहा पाएपछि पक्राउ गरेका हौं ।'

पक्राउ पुर्जी जारी भएलगत्तै थापाले प्रेस वक्तव्य जारी गरेर 'संवेदनशील विषय भएकाले अनुसन्धानलाई सहयोग गर्ने' बताएका थिए । तर हालसम्म फरार थिए । प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालयले १२ चैत २०७९ मा भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिन्छु भन्दै असुली गरेको आरोपमा मोरङका केशव दुलाल, ललितपुरका सानु भण्डारी र पाँचथरका टेक गुरुङलाई पक्राउ गरेको थियो । यसको तीन दिनपछि मोरङका सागर राई पनि पक्राउ परेका थिए ।



दुलाल र भण्डारीको बयानबाट यो प्रकरणमा हाई-प्रोफाइलहरूको संलग्नता खुलेको थियो । त्यसक्रममा पूर्वगृहसचिव, मन्त्रीदेखि नेताहरूका छोराहरूले र कम लिएकोसम्म उनीहरूले बयान दिएका थिए ।

**के थियो प्रतीकको संलग्नता ?**

भुटानी शरणार्थी प्रकरणको अनुसन्धानमा खटिएका एक अधिकृतका अनुसार पीडित प्रेमराज पन्थीले जाहेरीमा आफूले रामबहादुर थापा बादलका छोरा प्रतीक थापालाई जोर पाटीको एक रेष्टुरेन्टमा भेटेको उल्लेख गरेका छन् ।

'भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने भनेर २०७७ सालको असोज महिनाको ८/१० गतेतिर मलाई जोरपाटीमा बोलाएका थिए, त्यहाँ केशवप्रसाद दुलाल, प्रतीक थापासँगै बसेका थिए,' उनले भनेका छन्, 'त्यतिबेला प्रतिक थापाले म, रामशरण केसी र सागर राईलाई तपाईंहरूको काम अब अगाडि बढ्छ, रकम जम्मा गरेर केशव दुलाललाई दिनु भनेका थिए ।'

त्यसअनुसार चिरञ्जीवी आचार्यमार्फत आएको १ करोड रुपैयाँ रातो-सेतो रंगको जेब्रा झोलामा होलेर स्कुटरमा नगद लिएर आउ भनेको स्थानमा गएको उनले उल्लेख गरेका छन् । 'त्यसरी भनेको निलगिरि रेष्टुरेन्टमा जाँदा त्यहाँ प्रतीक थापा र केशवप्रसाद दुलाल दुवै जनाले नगद भएको झोला गाडी पार्किङमा रहेको कारमा राखिदिनु भनेका थिए,' उनले भनेका छन्, 'त्यसपछि म र रामशरण केसीले नगद भएको झोला झिरेर राखिदिएको हो ।' काम हुन्छ/हुन्छ भन्दाभन्दै झुलाएकोमा पछि संसद् विघटन भएपछि भण्डारीले नेता टोपबहादुर रायमाझीसँग कुरा गरेको उनले भनेका छन् । त्यतिबेला टोपबहादुरले 'फेरि हाम्रो सरकार आएपछि मात्र तपाईंहरूको काम हुन्छ भनेको' जाहेरीमा उल्लेख छ ।

यसपछि भण्डारी र दुलाललाई रकम फिर्ता गर्न दबाब दिन थालेको भन्दै उनले भनेका छन्, 'यसपछि रकम फसेको र काम पनि नहुने भएपछि मैले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि निवदेन दिएको थिएँ ।'

रकम फिर्ता गर्न दबाब दिंदा प्रतीक थापाले इन्द्रजीत राई (तत्कालीन सुरक्षा सल्लाहकार) को सुनाकोठीमा भएको फ्याक्ट्री आफूलाई पास गरिदिनुपर्ने र आफूले ६० प्रतिशत रकम फिर्ता गर्ने बताएको भनिएको छ ।

प्रतिवादी सानु भण्डारीले प्रतीक थापाले भनेअनुसार उनकी आमा नैनकला थापालाई समेत पैसा दिन भनेको खुलाएका थिए । बादलका छोरा प्रतीक र अर्का प्रतिवादी सन्देश शर्मा साथी भएकाले उनीसँग भेट भएको प्रतिवादीहरूको भनाइ थियो ।

*(स्रोत: अनलाइनखबर)*

# 'व्यवसायिक कृषिका लागि तीनै तहको ध्यान जानुपर्छ'



साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले राष्ट्रिय धान दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै असार १५ को दिनलाई 'मानो रोपेर मुरी उब्जाउने' महिनाको प्रतीकका रुपमा मनाउने गरिएको बताएका छन् ।

सरकारले राष्ट्रिय धान दिवस मनाउन थालेको २० वर्ष पुगिरहँदा नेपाली कृषकले यसलाई एउटा उत्सवकै रुपमा लिने प्रमुख शर्माको भनाई छ । कृषिप्रधान देश नेपालमा पाइने लगभग २ हजार जातका धानमध्ये सयौं प्रजाति हराउनु, कतिपय लोप हुने अवस्थामा पुग्नु सबैको लागि चिन्ताको विषय भएको शर्माले शुभकामना सन्देशमा उल्लेख गरे ।

प्रमुख शर्माले भने, 'आज यो दिवस मनाइरँदा हाम्रो मुख्य खाद्यान्न बाली धानको संरक्षण गर्दै कृषिक्षेत्रलाई आधुनिकीकरण गर्ने र निर्वाहमुखी कृषिलाई व्यवसायिकता तर्फ अगाडि बढाउन देशका तीनै तहका सरकारको उत्तिकै ध्यान जानु आवश्यक छ ।,'

प्रमुख शर्माले नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सम्बन्धित सबैको ध्यान जाओस् र हाम्रो देश यस दिवसबाट हामीलाई प्रेरणा प्राप्त होस् भन्ने कामना गरेका छन् ।

# कक्षा-११ मा छात्रवृत्तिका लागि आवेदन दिन काठमाडौं महानगरको आह्वान

काठमाडौं, १४ असार/ काठमाडौं महानगरपालिका, शिक्षा विभागले कक्षा ११ मा छात्रवृत्तिका लागि आवेदन माग गरेको छ । शुक्रबार शिक्षा अधिकारी गोविन्दप्रसाद शर्माले सूचना जारी गर्दै महानगर पालिका भित्र सञ्चालित संस्थागत शिक्षण संस्थामा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीका लागि छात्रवृत्ति परीक्षाको अनलाइन आवेदन माग गरेको हो ।

सूचना अनुसार चैत २०८० मा सञ्चालित एसईई परीक्षामा सहभागी भएका विद्यार्थीहरुले १५ असारदेखि २९ गतेसम्म महानगर पालिकाको वेबसाइट अथवा इन्ट्रान्स डटकाठमान्डु डट जीओभी डट एनपी मार्फत अनलाइन आवेदन दिन सक्नेछन् । विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षाशास्त्र, कानुन विषयका लागि ४ साउन बिहान ८ बजेदेखि १० बजेसम्म छात्रवृत्ति परीक्षा सञ्चालन हुनेछ ।

संस्थागत विद्यालयले उपलब्ध गराउने १० प्रतिशतलाई शतप्रशित मानेर सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई ४० प्रतिशत, संस्थागत विद्यालयमा छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीलाई ५ प्रतिशत, काठमाडौं महानगरपालिकाभित्र स्थायी बसोबास भएका सबै विद्यार्थीका लागि १४ प्रतिशत र ल्यान्डफिल्ड साइट प्रभावित क्षेत्रको सामुदायिक/संस्थागत विद्यालयमा अध्ययन गरेका हकमा १ प्रतिशत सिट वितरण गर्ने जनाएको छ ।

# दुरसञ्चार प्राधिकरणको कामप्रति मुख्यमन्त्री असन्तुष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले दुरसञ्चार प्राधिकरणको कामप्रति असन्तुष्टि व्यक्त गरेका छन् । उनले देश संघीयता संरचनामा गएपनि दुर सञ्चार प्राधिकरणको काम पुरानै शैलीको भएको बताए ।

शुक्रबार हेटौंडामा भएको दुरसञ्चार सेवाको वर्तमान अवस्था र गुणस्तर सम्बन्धमा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले पालिकाको केन्द्रहरुमै मोवाइलको नेटवर्क र डाटा कमजोर भएको बताए । निजी कम्पनीसँग प्रतिस्पर्धा गर्न सक्ने गरी दुरसञ्चार कम्पनीले सेवा सुविधा विस्तार गर्नुपर्नेमा उनले जोड दिए । मुख्यमन्त्री जम्कट्टेलले अहिले व्यवस्था र जनताको बदलिंदो आवश्यकता




बमोजिम सेवाप्रदायक संस्थाहरुले पनि सेवाप्रवाहलाई गुणस्तरीय बनाएर लैजानुपर्ने बताए ।

यसैगरी, कार्यक्रममा बोल्दै आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले संघीय सरकारको नीति अनुरुप बागमती प्रदेशलाई आइटी हबको रुपमा विकास गर्ने लक्ष्य रहेको बताए । मन्त्री श्रेष्ठले प्रदेशलाई प्रविधिमैत्री बनाउन आगामी आर्थिक वर्षमा आवश्यक बजेटको व्यवस्था गरेको उल्लेख गरे । उनले सेवा र व्यापारलाई सन्तुलनमा राख्न दुरसञ्चार प्राधिकरणलाई आग्रह गरेका छन् । प्राधिकरणले आफूले प्रवाह गर्ने सेवाको बारेमा समीक्षा गर्नुपर्नेमा पनि मन्त्री श्रेष्ठले जोड दिए ।

# आधारभूत प्राथमिक उपचार तालिम समापन

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ नेपाल रेडक्रस सोसाइटी मनहरी उपशाखाले मनहरी गाउँपालिकाको सहयोगमा आयोजना गरेको तीनदिने प्राथमिक उपचार तालिम समापन गरिएको छ ।

तालिमको समापन गर्दै मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले तालिममा सहभागी भएका विद्यार्थीले प्राथमिक उपचारको विधि सिकेपछि मानवीय सेवा गर्नेमा आफू विश्वस्त रहेको बताए । बिपद्का बेला प्राथमिक उपचारको ठूलो महत्व हुने भन्दै युवालाई सिकेका सीप प्रयोग गरी मानवीय सहायता गर्न उनले आग्रह गरे ।

उपशाखा सभापति मोहन कार्कीको सभाध्यक्षतामा भएको समापन कार्यक्रममा प्रशिक्षार्थीका तर्फबाट नबीन खड्का र अन्जिना गिरीले तालिममा सिकेका कुराहरुबारे मन्तब्य ब्यक्त गरेका थिए ।

त्यसैगरी प्रशिक्षकद्वय नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाका प्रमुख लक्ष्मण भट्टराई र जिल्ला कार्यसमिति सदस्य पिताम्बर बास्तोला, मनहरी गाउँपालिका ७ नं वडाका कार्यबाहक वडाध्यक्ष नवराज सुवेदीले मन्तब्य ब्यक्त गरेका थिए । गाउँपालिकाको सहयोगमा सञ्चालित तालिमका क्रममा सबै विद्यालयका लागि एउटा/एउटा प्राथमिक उपचार बाक्स समेत बितरण गरिएको छ ।

समापन कार्यक्रममा सहभागीलाई प्रमाणपत्र बितरण गरिएको थियो भने उपशाखा उपसभापति अञ्जु कार्की खुशी, कोषाध्यक्ष शिवकुमार रिजाल काशी लगायतको सहभागिता थियो । तालिम पिताम्बर बास्तोला, लक्ष्मण भट्टराइ, रामजी खतिवडा र सुजन विक्ले सहजीकरण गरेका थिए ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना